फोनः-०८६४४०११०
ईमेलः-rolpadao@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

प.स. ०८२/०८३(प्र.) रोल्पा
च.नं.

*सूचना प्रकाशित मितिः २०८२/०४/१०*

*सूचना।* *सूचना।।* *सूचना।।।*

देशमा मनसुन सक्रिय अवस्थामा रहेको र वर्षातको समय पनि बाँकी नै रहेकोले वर्षातका कारण यस जिल्लामा बाढी पहिरो गई सडक अवरुद्ध हुने र सार्वजनिक यातायातका सवारी साधन प्रभावित हुन सक्ने जोखिम रहेको र यस जिल्लामा निर्माणाधिन अवस्थामा रहेको शहिद मार्गमा वर्षातका कारण ठाउँ ठाउँमा पहिरो जाने तथा ठुला ठुला ढुङ्गाहरु सडकमा खसी सडक अवरुद्ध हुने गरेको र कतिपय समयमा सुख्खा पहिरो समेत गई रहेकाले सो मार्गमा रातको समयमा सवारी साधन चलाउँदा अनपेक्षित रुपमा विपद्का कारण जनधनको क्षति हुने सम्भावनालाई दृष्टिगत गरी स्थानीय प्रशासनद्वारा मिति २०८२/४/९ गते बेलुकी ५:०० बजे देखि बिहान ५:३० बजे सम्म सबै प्रकारका यातायातको सवारी साधनहरुको सञ्चालनमा रोक लगाएको निर्णयलाई निरन्तरता दिदै आगामी भाद्र १५ गतेसम्म शहिद मार्ग तथा ग्रामिण भेगमा रहेका भित्रि सडकहरुमा बेलुकी ६:०० बजे देखि बिहान ०५:३० बजेसम्म सबै प्रकारका यातायातका साधनहरु सञ्चालनमा रोक लगाउन जिल्ला सुरक्षा समिति रोल्पालाई अनुरोध गर्ने भनी मिति २०८२/०४/१० मा बसेको बैठकबाट सर्वदलीय, सर्वपक्षीय निर्णय सहित अनुरोध भई आएकाले जिल्ला सुरक्षा समिति रोल्पाको मिति २०८२/०४/१० मा बसेको बैठकको निर्णयानुसार रोल्पा जिल्ला स्थित शहिद मार्ग र ग्रामिण भेगमा रहेका भित्रि सडकहरुमा मिति २०८२/४/९ गते देखि २०८२/०४/१५ बेलुकी ५:०० बजे देखि बिहान ५:३० बजे सम्म सबै प्रकारका यातायातको सवारी साधनहरुको संचालनमा लगाईएको रोकलाई निरन्तरता दिदै २०८२ भाद्र १५ गतेसम्म बेलुकी ६:०० बजे देखि बिहान ०५:३० बजेसम्म सबै प्रकारका यातायातका साधनहरु संचालनमा रोक लगाउने साथै माडीचौर घर्तीगाउँ (मदन भण्डारी राजमार्ग) मा हाल सडक स्तरोन्नतीको कार्य भईराखेकोले उक्त मार्गमा सडक खुल्ने अर्को सूचना जारी नहुँदा सम्मको लागि सबै प्रकारका यातायातको साधनहरु लागयात पैदल यात्रीहरुलाई समेत रोक लगाउने निर्णय भएको हुँदा सर्वसाधारण सबैमा जानकारीको लागि यो सूचना जारी गरिएको छ। सवारी आवागनमा रोक लगाउने निर्णयबाट सर्वसाधारणमा पर्न जाने असुविधा प्रति जिल्ला सुरक्षा समिति रोल्पा क्षमाप्रार्थी छ। निर्णय कार्यान्वयनका लागि जिल्ला स्थित सबै राजनितिक दल, स्थानीय तह, नागरिक समाज, यातायात व्यवसायी, सञ्चारकर्मी, वुद्धिजीवी लगायत सम्बद्ध सबैमा हार्दिक अनुरोध छ।

**नोटः** विरामी बोकेको वा आकष्मिकरुपमा विरामी लिन हिडेको एम्बुलेन्सको हकमा राजमार्गमा रहेका सुरक्षा एकाईहरुसंग समन्वय गरेर मात्र संचालनको गर्न सकिने।

४/१०
..........................
(पदम बहादुर डाँगी)
प्रशासकीय अधिकृत
प्रशासकीय अधिकृत